# NSW शरणार्थी स्वास्थ्य योजना २०२२-२०२७

## योजना सिंहावलोकन



**दुरदृष्टि:**
शरणार्थी पृष्ठभूमिका मानिसहरू NSW का स्वस्थ, समृद्ध सदस्यहरू छन्

NSW Health सेवाहरूले निम्न कुराहरू सुनिश्चित गर्नका लागि यो योजना स्थानीय योजनाहरूको मार्गदर्शन, विकास र सूचनाको लागि प्रयोग गर्नेछन्:

- शरणार्थी र शरण खोजिरहेकाहरूको पृष्ठभूमिका मानिसहरूको स्थान उनीहरुको आफ्नो स्वास्थ्य हेरचाहको केन्द्रमा हुन्छ जसमा बिरामीहरु र समुदायहरूसँग साझेदारी गर्दै NSW Health ले सहयोग पुर्याउछ
- NSW Health ले नयाँ र उदीयमान स्वास्थ्य सेवा आवश्यकताहरू पूरा गर्नको लागि अन्य सरकारी एजेन्सीहरू र गैर-सरकारी संस्थाहरूसँग मिलेर काम गर्ने लगायतका लचिला प्रतिक्रिया दिन्छ
- NSW Health ले शरणार्थी पृष्ठभूमिका मानिसहरूले अनुभव गरेको स्वास्थ्य असमानताहरूलाई सम्बोधन गर्न र कम गर्न खोज्छ
- NSW Health ले मानिसहरूको जीवन अनुभव र पारिवारिक सन्दर्भ, सांस्कृतिक पृष्ठभूमि र आध्यात्मिक विश्वासहरूलाई स्वीकार गर्दै स्वास्थ्य हेरचाहको लागि समग्र (कुल) दृष्टिकोणहरू अपनाउँछ, तिनीहरूको स्वास्थ्य अवस्था मात्र होइन।

| लक्ष्यहरु | NSW Health ले: |
|---|---|
| **मानिसहरूको समयमै सांस्कृतिक रूपमा उत्तरदायी र आघात प्रति सचेत स्वास्थ्य सेवाहरूमा पहुँच हुने छ** | सांस्कृतिक रूपमा उत्तरदायी र आघातका जटिल प्रभावहरूलाई स्वीकार गर्ने प्रभावकारी, प्रमाणमा-आधारित र अनुकूल सेवाहरुमा पहुँच सुनिश्चित गर्न मुलधारका स्वास्थ्य सेवाहरूलाई परिमार्जन र सो अनुरूप लक्षित गर्ने छ। |
| | शरणार्थी पृष्ठभूमिका मानिसहरूको स्वास्थ्य सेवा आवश्यकताहरूसँग काम गर्न र प्रतिक्रिया दिन लक्षित र विशेष स्वास्थ्य सेवाहरू प्रदान गर्ने छ। |
| | शरणार्थी पृष्ठभूमिका मानिसहरूका लागि सबैभन्दा बढी महत्त्व राख्ने परिणामहरू प्रदान गर्न सांस्कृतिक रूपमा उत्तरदायी र साहासी कार्यबललाई रोजगारी र तालिम दिने छ। |
| **मानिसहरू स्वयं आफ्नो हेरचाहको केन्द्रमा छन्** | मानिसहरूलाई स्वास्थ्य प्रणाली बुझ्न र त्यसमा चल्न तथा उनीहरूको आफ्नै स्वास्थ्य हेरचाहमा सक्रिय सहभागी हुन समर्थन गर्ने छ। यसमा बिरामीहरू र समुदायहरूसँग उनीहरूको स्वास्थ्यको बारेमा निर्णयहरू गर्न साझेदारी गर्ने विषय समावेश हुने छ। |
| | स्वास्थ्य साक्षरता र सूचनामाथिको पहुँचलाई प्रवर्द्धन गर्न समयमै र प्रभावकारी दोभाषे तथा भाषा सेवाहरू उपलब्ध गराउने छ। |
| | स्वास्थ्य सेवाहरूको सह-डिजाईन, कार्यान्वयन र मूल्याङ्कनमा उपभोक्ताहरूसँग साझेदारी गर्ने छ। |
| **NSW Health ले नयाँ र उदीयमान स्वास्थ्य हेरचाह आवश्यकताहरू पूरा गर्न लचकता र सहकार्य सहित प्रतिक्रिया दिन्छ** | स्वास्थ्य हेरचाह आवश्यकताहरूमा आएका परिवर्तनहरू, विशेष गरी यस योजनामा पहिचान गरिएका उदीयमान आवश्यकताहरू र प्राथमिकताहरू, जस्तै NSW को ग्रामीण र क्षेत्रीय स्थानहरूमा भएका मानिसहरूको बढ्दो पुनर्वास, का लागि लचिलो रूपमा प्रतिक्रिया दिने छ। |
| | स्वास्थ्य हेरचाह सेवाहरूको मागहरु जहिले र जहाँ आवश्यक हुन्छन्, तिनलाई लचिलो रूपमा जवाफ दिने छ। यसमा धेरै जटिल स्वास्थ्य अवस्थाहरूमा लक्षित प्रतिक्रियाहरू दिने र महत्त्वपूर्ण सेवाहरूको लागि प्रतीक्षा समय घटाउने विषयहरु समावेश हुने छन्। |
| | शरणार्थी पृष्ठभूमिका मानिसहरूका लागि स्वास्थ्य परिणामहरू सुधार गर्नका लागि स्वास्थ्य, सामाजिक सेवाहरू र अध्यागमन सम्बन्धि सरकारी निकायहरु, बसोवास सेवाहरु, गैरसरकारी संस्थाहरू (NGOs), प्राथमिक स्वास्थ्य सञ्जालहरू (PHNs) तथा प्राथमिक हेरचाह प्रदायकहरू लगायतका साझेदारहरूसँग काम गर्न जारी राख्ने छ। |
| **प्राथमिकताका मुद्दाहरू** | मानिसहरूले रुचाएको भाषामा प्रभावकारी सञ्चार |
| | मुलधारका स्वास्थ्य सेवाहरूको सांस्कृतिक प्रतिक्रियाशीलता |
| | मानसिक र मौखिक स्वास्थ्य सहित, र ग्रामीण र क्षेत्रीय स्थानहरूमा पुनर्वास भएका मानिसहरूका लागि पनि, सार्वजनिक स्वास्थ्य सेवाहरूमा समयमै पहुँच |
| | प्रभावकारी सेवा मार्गनिर्देशिकाहरु र हेरचाह समन्वय |
| | मानिसहरूलाई सफलतापूर्वक स्वास्थ्य प्रणाली भित्रको मार्ग पत्ता लगाउन र उत्कृष्ट स्वास्थ्य परिणामहरू प्राप्त गर्न लक्षित स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य शिक्षा |
| **प्राथमिकताका जनसंख्या** | ग्रामीण र क्षेत्रीय स्थानमा बसोबास गर्ने मानिसहरू |
| | अपाङ्गता भएका व्यक्तिहरू |
| | भर्खरै आएका मानिसहरू |
| | शरण खोजेका र समुदायमा बस्ने मानिसहरू |
| | वृद्ध मानिसहरू, विशेष गरी कमजोर वृद्धहरु |
| | महिला र एकल-महिला-अभिभावक परिवारहरू |
| | बालबालिका र युवाहरू, विशेष गरी पहिलो २,००० दिनहरूमा |
| | पुरुषहरू |
| | विविध यौनिकता, लैङ्गिक पहिचान भएका र अन्तरलिङ्गी भिन्नता भएका व्यक्तिहरू (LGBTIQ+) |